# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ०१ वैशाख २५ गते, २०८१ साल

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८१ सालको कार्यविधि नं .१

## मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०८१

कार्यपालिकामा स्वीकृत मितिः २०८१/०१/२५

**प्रस्तावना**

मादी गाउँपालिकाले भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण गर्न आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको सन्दर्भमा यसलाई अझै मर्यादित र व्यवस्थित ढङ्गमा सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८० पारित गरी लागू भएकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को

मादी गाउँपालिका, कास्की

दफा १०२ (२) तथा मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८० परिच्छेद ५ दफा २३ अधीनमा रहि यो कार्यविधी जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस कार्यविधीको नाम "मादी गाउँपालिकाल प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधी ,२०८१" रहेको छ ।

(२) यो कार्यविधी गाउँकार्यपालिकाबाट स्वीकृत पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८० को दफा ३ बमोजिम गठन भएको मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्छ ।

(ख) गाउँ कार्यपालिकाको कार्यालय भन्नाले मादी गाउँपालिका गाउँ कार्यपालिको कार्यालय सम्झनु पर्छ ।

(ग) प्रज्ञा सभा भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभालाई सम्झनुपर्छ ।

(घ) प्रज्ञा परिषद् भन्नाले दफा ८ बमोजिमको प्रज्ञा परिषद्लाई सम्झनुपर्छ ।

(ङ) " अध्यक्ष" भन्नाले मादी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "कुलपति" भन्नाले मादी गाउँपालिका प्रज्ञा प्रतिष्ठानको कुलपतिलाई सम्झनु पर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले मादी गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मादी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "कार्यपालिका सदस्य" भन्नाले मादी गाउँपालिका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(ञ) "उपकुलपति" भन्नाले दफा १० (३) बमोजिम मादी गाउँपालिकाले मनोनयन गरेको मादी प्रज्ञा प्रतिष्ठानको उपकूलपतिलाई सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(ट) "परिषद् सदस्य" भन्नाले दफा १० (३) मनोनयन गरेको मादी प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ ।

(ठ) " प्रज्ञा सभा सदस्य" भन्नाले दफा १० (३) मनोनयन गरेको मादी प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ ।

(ड) "गाउँसभा" भन्नाले मादी गाउँसभालाई जनाउँछ ।

(ढ) "सदस्य सचिव" भन्नाले मादी गाउँपालिकाको प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ण) "सचिवालय" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्छ ।

## परिच्छेद२

## मादी प्रज्ञा प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरू: प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) मादी गाउँपालिकाभित्र रहेका भाषा, साहित्य, कला संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) मादी गाउँपालिकाभित्रका स्रष्टाहरूका सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने ।

(घ) मादी गाउँपालिकाभित्र साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरूको समेत सहयोग÷उपहारस्वरूप ग्रहण गर्ने ।

(च) पालिका क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने

मादी गाउँपालिका, कास्की

(छ) मादी गाउँपालिकाभित्र रहेका साहित्यक संस्थाहरूलाई यस पालिकामा दर्ता, नवीकरण र सूचीकरण गर्ने । ज) साहित्यक संस्थाहरूको अनुगमन र मूल्यांकन गर्ने नियामक भूमिका निर्वाह गर्ने ।

(ज) यस पालिकाभित्र स्थापित पुस्तकालयहरुलाई व्यवस्थित गर्ने ।

(झ) अन्य प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसित समन्वय र सहकार्य गर्ने ।

(ञ) भाषा, साहित्य, संस्कृति, सामाजिकशास्त्र, दर्शनशास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्ने ।

(ट) लेखनवृत्ति प्रदान गर्ने ।

(ठ) विश्वविद्यालयहरू, स्थानीय क्याम्पस र विद्यालयहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।

(ड) देशभित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने ।

(ढ) भाषा, साहित्य, संस्कृति संम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।

(ण) यस गाउँपालिकाभित्र रहेका विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय निर्माण गर्ने ।

(त) लामो समयदेखि साहित्य र कला साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने ।

(थ) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने, स्थानीय कलाको संरक्षण र संवर्धन गर्ने ।गाउँपालिका स्तरीय कला गृह ( आर्ट ग्यालरी ) निर्माण गर्ने ।

मादी गाउँपालिका, कास्की

(द) मापदण्ड निर्माण गरी विशिष्ट विद्वान तथा वाङ्मय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने ।

(ध) साहित्यिक र कलासम्बन्धी संस्थाहरूको जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण प्रतिष्ठानमा दर्ता नवीकरण गर्न पालिकाले सहजीकरण र प्रोत्साहन गर्ने ।

(न) गाउँसभाले पारित गरेका अन्य भाषा, साहित्य, कला र संस्कृति सम्बन्धित कार्य गर्ने ।

## परिच्छेद ३
## प्रज्ञा सभा

२. प्रज्ञासभाको काम, कर्तव्य र अधिकारः प्रज्ञासभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

(ख) गाउँसभाले तोकेको बजेटको सीमामा रही प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(ङ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने ।

(च) परिषद्का कामको अनुगमन तथा मूल्यांकन गर्ने ।

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

३. बैठकः प्रज्ञा सभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ, तर कारणबस बैठक बस्न आवश्यकता भएमा प्रज्ञा प्रतिष्ठानले अन्य अवस्थामा बैठक राख्न सक्नेछ ।

४. बैठकको प्रारम्भ र स्थगनः सभाको बैठकको प्रारम्भ र स्थगनको घोषणा अध्यक्षले गर्नेछ ।

५. सूचनाः बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

६. गणपुरक संख्याः सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्हरूमा उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

७. अध्यक्षताः सभाको बैठकको अध्यक्षता कुलपतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

८. बैठकमा पेस हुने प्रस्तावसम्बन्धी व्यवस्थाः

(क) बैठकको कार्यसूचीमा उल्लिखित प्रस्ताव सचिवले बैठकमा प्रस्तुत गर्नेछ ।

(ख) सभाका सदस्यहरूले सभामा छलफलको लागि प्रस्तुत गर्न चाहेको प्रस्ताव लिखित रूपमा सभाको बैठक बस्नुभन्दा कम्तीमा २४ घन्टा अगावै सदस्य सचिवको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(ग) सभाको बैठकको प्रारम्भ भएपछि अध्यक्षले प्रस्ताव-प्रस्तुतकर्ता सदस्यलाई प्रस्ताव सभामा प्रस्तुत गर्न समय दिनेछ, तर विशेष कारणवश निज सो बैठकमा अनुपस्थित रहेमा बैठकको अध्यक्षको अनुमति लिई अन्य सदस्यले अनुपस्थित सदस्यको तर्फबाट सो प्रस्ताव पेस गर्न सक्नेछ ।

(घ) कुनै सदस्यले बैठकमा प्रस्तुत गरेको प्रस्ताव छलफलमा लानेकि नलाने भन्ने अधिकार बैठको अध्यक्षमा निहित हुनेछ ।यदि छलफलमा नलगे स्वत निष्क्रिय भएको मानिनेछ ।

(ङ) बैठकमा प्रस्तुत प्रस्तावमा प्रस्तावक स्वयंले वा अन्य कुनै सदस्यले संशोधन पेस गर्न चाहेमा संशोधन-प्रस्ताव पेस गर्नको लागि अध्यक्षले मनासिबमाफिकको समय दिनेछन् ।

(च) उपनियम (ङ) बमोजिम संशोधन प्रस्ताव पेस भएमा अध्यक्षले त्यस्तो प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई संशोधन- प्रस्तावको सम्बन्धमा संक्षिप्त वक्तव्य दिन समय दिनेछ ।

(छ) बैठकमा पेस भएको प्रस्ताव वा त्यसमाथिको संशोधन-प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

९. निर्णयार्थ प्रस्ताव प्रस्तुत गर्नेः बैठकमा प्रस्तुत भएको प्रस्ताव एवं त्यसमाथिको संशोधन-प्रस्ताव भएमा सो समेत नियम ८ को उपनियम (छ) बमोजिम सम्बन्धित प्रस्तुतकर्ताले फिर्ता नलिएमा उक्त प्रस्तावहरूमाथि बैठकमा छलफल भइसकेपछि निर्णयार्थ प्रस्तुत गरिनेछ।

१०. प्रस्ताव पारित गर्नेः

(क) बैठकमा निर्णयार्थ प्रस्तुत गरिएका प्रस्तावहरू एवं संशोधन-प्रस्तावहरूको निर्णयको लागि अध्यक्षले सदस्यहरूलाई आह्वान गर्नेछ ।

(ख) उपनियम (१) बमोजिम निर्णयको लागि प्रस्तुत भएका प्रस्तावहरू एवं संशोधन प्रस्तावहरू उक्त सभाको सर्वसम्मतिबाट निर्णय भएमा सोही बमोजिम पारित भएको मानिने र सर्वसम्मत नभएमा अध्यक्षले मतदानको लागि सदस्यहरूलाई आह्वान गर्नेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(ग) निर्णयको प्रमाणितः सभाको बैठकको निर्णय सभाको कुलपति वा सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(घ) बैठकको भत्ता मादी गाउँपालिका कार्य संचालन निर्देशिक, २०७८ बमोजिम हुनेछ ।

परिच्छेद ५

प्रज्ञा परिषद्

१०. प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

मादी गाउँपालिका, कास्की

(क) प्रज्ञा सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने ।

(ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने ।

(ग) परिषद्ले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने ।

(घ) विद्धद्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्रज्ञा सभामा पेश गर्ने ।

(ङ) तोकिए बमोजिमका काम ।

११. कार्यकारी प्रमुखः उपकुलपति प्रज्ञा परिषद्को कार्यकारी प्रमुख हुनेछ ।

१२. परिषद्को बैठक कम्तिमा महिनाको २ पटक बस्नेछ । तर कारणबस बैठक बस्न आवश्यकता भएमा कुलपतिले अन्य अवस्थामा बैठक राख्न निर्देशन दिन सक्नेछ ।

## परिच्छेद ६

## प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको काम कर्तव्य र अधिकार

१३. कुलपतिको काम, कर्तव्य र अधिकार

(क) कुलपति प्रतिष्ठानको संरक्षक हुनेछ ।

(ख) प्रज्ञा सभाको बैठक डाक्ने ।

(ग) बैठकका ऐजेन्डाहरु तय गर्ने तथा बैठकमा पेश गर्ने ।

(घ) प्रज्ञा परिषद्लाई आवश्यक निर्देशन दिने

१४. उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने ।

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू, प्रगति प्रतिवेदन तयार गर्ने गराउने ।

(ग) प्रज्ञा—प्रतिष्ठानको वार्षिक आम्दानी—खर्चको बजेट तयार पारी प्राज्ञ—परिषद्को बैठकमा पेस गर्ने,

(घ) स्वदेशी तथा विदेशी संघ, संस्थाहरूसंग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क-समन्वय गर्ने, गराउने ।

(ङ) प्रज्ञा परिषद्का सदस्यहरूबीच संयोजन गर्ने तथा निजहरूले प्रस्तुत गरेका प्रतिवेदन आआफ्नो क्षेत्रमा भएगरेका कार्यको रेखदेख र सुपरीवेक्षण गर्ने ।

(च) कुलपतिले अधिकार प्रत्यायोजन गरेका कामकारवाहीहरू गर्ने ।

(छ) कुलपतिलाई तोकिएका कामकारवाही सुचारु रूपले सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने ।

(ज) प्रज्ञा प्रतिष्ठानले समयसमयमा तोकेका कामकारवाहीहरू गर्ने ।

१५. सदस्यहरूको काम, कर्तव्य तथा अधिकारः सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) प्रज्ञा प्रतिष्ठानले आवश्यकता अनुसार गराएको कार्य सम्पादन गर्ने ।

(ख) अनुसन्धान अन्वेषणको कार्यमा आवश्यक सहयोग गर्ने ।

(ग) प्रज्ञा प्रतिष्ठानको सर्वाङ्गीण विकासमा कुलपति तथा उपकुलपतिलाई आवश्यक सहयोग गर्ने ।

(घ) योजना तथा कार्यक्रमहरू तयार गरी उपकुलपतिमार्फत कुलपतिसमक्ष पेस गर्ने ।

(ङ) कुलपति एवं उपकुलपतिबाट समयसमयमा तोकिदिएका अन्य कार्यहरू गर्ने—गराउने ।

१६. सचिवको काम, कर्तव्य र अधिकारः

(क) कुलपति निर्देशनमा आवश्यक काम गर्ने ।

(ख) प्रज्ञा—प्रतिष्ठानको सम्पत्तिको व्यवस्था, संरक्षण, सम्भार, मर्मत, सञ्चालन तथा हेरचाह गर्ने तथा प्रज्ञा—प्रतिष्ठानको सम्पूर्ण जिन्सी लगत राख्न लगाउने,

मादी गाउँपालिका, कास्की

(ग) कुलपतिको निर्देशनअनुसार प्राज्ञ—परिषद् र सभामा प्रस्तुत गर्ने विषयहरूको प्रस्ताव तयार गर्ने र प्रस्तुत गर्ने ।

(घ) प्रज्ञा—प्रतिष्ठानको उद्देश्यअनुरूप अन्य कार्यहरू गर्ने—गराउने ।

परिच्छेद ७

प्रज्ञा परिषद्का पदाधिकारीको सेवा, सर्त र सुविधा

१७.प्रतिष्ठानका उपकुलपति, प्रज्ञा परिषद्का सदस्यको सेवा, सर्त र सुविधा देहाय बमोजिमको हुनेछ ।

(क) उपकुलपतिको सेवा, सुविधा पालिकाका वडा अध्यक्षलाई प्रदान गरिने सेवा, सुविधा सरह हुनेछ ।

(ख) प्रज्ञा परिषद्का सदस्यको सेवा, सुविधा पालिकाका वडा सदस्यलाई प्रदान गरिने सेवा सरह हुनेछ ।

परिच्छेद ८

पदाधिकारीहरूको आचरण

१८.पदाधिकारीहरूले गर्न नहुने कामः प्रज्ञा प्रतिष्ठानको कुनै पनि पदाधिकारीले निम्नलिखित कार्य गर्नु हुँदैन ।

(क) प्रज्ञा प्रतिष्ठान वा आफ्नो ओहदाको प्रतिष्ठामा आघात पुग्ने कामकारबाही तथा आचरण गर्नु हुँदैन ।

(ख) आचरणसम्बन्धी नियम प्राज्ञ परिषद्को आजीवन तथा मानार्थ सदस्यहरूलाई पनि लागू हुनेछ ।

परिच्छेद ९

विविध

माडी गाउँपालिका, कास्की

१९.आय आर्जन गर्न सक्नेः प्रज्ञा प्रतिष्ठानले आफूलाई तोकिएको विषयसँग सम्बन्धित विविध कार्यक्रमहरू आयोजना गरी अर्थ सङ्कलन गर्न सक्नेछ ।

२०.चल-अचल सम्पत्तिको अधिकतम उपयोग गर्नुपर्नेः प्रज्ञा-प्रतिष्ठानले प्रतिष्ठानको चल—अचल सम्पत्तिको अधिकतम उपयोग हुन सक्ने गरी दीर्घकालीन रूपमा आय आर्जन गर्न योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

२१.यसै कार्यविधि बमोजिम हुनेः प्रचलित नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएजति कुरामा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएबाहेक अन्य कुनै कामकारबाहीको सम्बन्धमा प्रज्ञा प्रतिष्ठानद्वारा अवलम्बन गरी आएको परम्परा एवं कार्यप्रणाली अनुसारका कामकारबाही वैध मानिने छन् । तर मादी प्रज्ञाप्रतिष्ठान ऐन २०८० सँग बाझिएको नियम बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने छ ।

२२.प्रचलित ऐन एवं यस कार्यविधिमा उल्लेखित काम, कर्तव्यका अतिरिक्त अन्य कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्रज्ञा सभामा हुनेछ ।

**आज्ञाले,**

**कमलप्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

मादी गाउँपालिका, कास्की